सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नम्बर १, नेपाल

प. स. :-२०७७/०७८
च. नं. :- १३५८

मितिः २०७७।१०।२६

**विषयः निबन्ध प्रतियोगिता सम्बन्धी सूचना ।**

**सबै सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु**
**दुहवी नगरपालिका सुनसरी ।**

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बिराटनगरको सूचना अनुसार विश्व उपभोक्ता अधिकार दिवस मार्च १५ तदनुसार चैत्र २ को सन्दर्भमा सो कार्यालयले माध्यमिक विद्यालय कक्षा ९-१२ स्तरीय निबन्ध प्रतियोगिताको आयोजना गरेको हुदा यसैसाथ संलग्न वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बिराटनगरको सूचनाका आधारमा माध्यमिक विद्यालयहरुले विद्यार्थीलाई निबन्ध प्रतियोगितामा सहभागी गराउनुहुन जानकारीका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

१०।२५

नीलमणी खनाल
उप-सचिव
शिक्षा युवा तथा खेलकुद शाखा

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय
विराटनगर

फोन नं.: ०२१ ४७१०५४
फ्याक्स नं.: ०२१ ४७१४५४
ईमेल : banijyabrt10@gmail.com

प.सं.: २०७७/०७८
च.नं.:

## निबन्ध प्रतियोगितासम्बन्धी सूचना ।

विश्व उपभोक्ता अधिकार दिवस मार्च १५ तदनुसार चैत्र २ को सन्दर्भमा यस कार्यालयद्वारा निबन्ध प्रतियोगिता आयोजना गरिएकोले तपसील बमोजिम शर्तको अधिनमा रही प्रतियोगितामा भाग लिन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ प्रदेश नं. १ का १४ जिल्लाका सामुदायिक वा संस्थागत विद्यालयका कक्षा ९-१२ मा अध्ययन गर्ने विद्यार्थीहरु प्रतियोगितामा सहभागी हुन सक्नेछन् ।

२ एउटा विद्यालयबाट एकजना विद्यार्थीलाईमात्र सहभागी गराइनेछ ।

३ निबन्धको शीर्षक "उपभोक्ताको हकको कार्यान्वयनमा विद्यार्थीको भूमिका" रहेको छ । निबन्ध बढीमा ३०० शब्दमा नेपाली भाषामा लेखिएको हुनुपर्नेछ ।

४ कागजको एकापट्टिमात्र टाइप गरिएको वा लेखेको निबन्ध हुनुपर्नेछ । निबन्ध लेखिएको कागजमा निबन्धबाहेक विद्यार्थीको परिचय खुल्ने कुनैपनि कुरा लेख्न वा संकेत गर्न पाइने छैन । विद्यार्थीको नाम, कक्षा, विद्यालयको नाम, ठेगाना र विद्यार्थीको आफ्नो वा अभिभावकको सम्पर्क नं. छुट्टै कागजमा लेखी निबन्धको कागजसंग स्टीच गर्नुपर्नेछ । सो कागजहरु र विद्यालयको सिफारिसपत्र एउटै खामभित्र हाली हुलाकमार्फत पठाउनुपर्नेछ वा कार्यालयमै उपस्थित भएर बुझाउन पनि सकिनेछ ।

५ प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीलाई विश्व उपभोक्ता अधिकार दिवसका दिन विराटनगरमा आयोजना हुने कार्यक्रममा क्रमश: रु.१२,०००।-, रु.१०,०००।- रु.८,०००।- र रु.५,०००।- नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । पुरस्कृत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा उपस्थित हुन अनुकुल नभए सम्बन्धित विद्यालयमा नै पुरस्कार रकम पठाइनेछ ।

६ निबन्ध आइपुग्नुपर्ने अन्तिम मिति: २०७७ फागुन २०

७ शर्त पुरा नगरी पठाइएको निबन्धलाई प्रतियोगितामा सामेल गराइने छैन ।

८ निबन्ध पठाउने ठेगाना:

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर

विराटनगर महानगरपालिका-१०

कर्मचारी सञ्चयकोष कार्यालयछेउ, सोमबारे हटिया, मोरङ ।

९ थप जानकारीका लागि सम्पर्क नं ९८५२०८१२६६ वा ०२१-४७१४५४

दर्ता नं. 3866
दर्ता मिति: 066/10/24